# जनताका अपेक्षा धेरै छैनन्



## किशोरकुमार पाण्डे

वडाध्यक्ष, कटहरी गाउँपालिका २, मोरङ

**मोरङको कटहरी गाउँपालिका २ का वडाध्यक्ष किशोर पाण्डे वडामा नेकपा माओवादी केन्द्रबाट निर्वाचित एक्ला जनप्रतिनिधि हुन्। वडाका सदस्य चारै जना नेपाली कांग्रेसबाट जित्दा वडाध्यक्षमा निर्वाचित पाण्डेले सबैसँग समन्वय गरेर काम गरेका छन्। विकास निर्माणदेखि जनताको समस्याहरुलाई प्रत्यक्ष संलग्न भएरै समाधानका लागि सहयोग गर्ने उनको शैलीले जनताहरु उनीप्रति सकारात्मक टिप्पणी गर्छन्। झण्डै २२ वर्ष शिक्षण पेशा गरेर सक्रिय राजनीतिमा सहभागी भएका पाण्डे आगामी दिन जनसेवाका लागि राजनीतिमै समर्पित गर्ने बताउँछन्। राजनीतिलाई पेशा बनाउन हुन्न भन्ने मत राख्ने उनी वडाध्यक्षले पाउने पारिश्रमिक र अन्य सुविधा पनि जनताको दुःखसुख, औषधि उपचार र सहयोगमै खर्च गर्ने गरेको बताउँछन्। उनीसँग गरिएको कुराकानीः**

**वडाध्यक्षको रुपमा चार वर्षको अवधिलाई कसरी समिक्षा गर्नुहुन्छ ?**

यस अवधिमा हामीले जति कामहरु गरेका छौं, सन्तुष्ट छु। दीर्घकालीन महत्व भएका कामहरु भएका छन्। सिंघीयादेखि लोहन्द्रासम्म बिचैबिच बाटो जोडेका छौं। वडाको बीच भागमा पर्नेगरी वडा कार्यालय र स्वास्थ्य चौकी भवन निर्माण गरेका छौं।

शिक्षालाई प्राथमिकतामा राखेर काम गरेका छौं। शिक्षालाई गुणस्तरीय र पूर्वाधार लगायत सर्वाङ्गिण विकास हुने खालका पूर्वाधार निर्माण र विकासको काम गरेका छौं। कोरोनाभन्दा अगाडिसम्म टोलटोलमा निरन्तर ट्यूसन कक्षाहरु सञ्चालन गर्दै आएका थियौं। अब फेरि त्यसलाई निरन्तरता दिन्छौं। अतिविपन्न तथा दलित समुदायका भूमिहीनहरुका लागि ४० वटा घर निर्माण गरेका छौं। वडाको झण्डै आधा भुभागको डुवान समस्या समाधान गर्ने काम भएको छ। पूर्वाधारतर्फ अधिकांश सडक ग्राभेल गरिएको छ र क्रमश कालोपत्रे गर्ने चरणमा हामी प्रवेश गरेका छौं। विपन्न तथा दलित समुदायको स्वास्थ्य लगायतका समस्याहरुमा पनि नियमित सहयोग गदै आएका छौं।

**गाउँपालिकामा अन्य दलको नेतृत्व हुँदा आफ्नो योजनाहरु कार्यान्वयन गर्न कतिको सहज भयो ?**

नेकपा माओवादी केन्द्रबाट कटहरीका दुई वडामा वडाध्यक्ष निर्वाचित भएका छौं। गाउँपालिकाको नेतृत्व नहुँदा कतिपय असज अवस्था त हुने नै भयो। त्यसका बिचबाट पनि हामीले सके जति कामहरु गरेका छौं। नेतृत्वकै कारणले कटहरीमा गरीब विपन्न र भूमिहीन सुकुम्बासी जनताको घर बनाउने योजना सफल हुन सकेन। संघीय संसद विकास कोष, जीवन विकास संस्था र ह्याविटेट नेपालको सहकार्यमा ५० वटा घर बनाउने सम्झौताका लागि संस्थाहरु तयार भएको भएपनि गाउँपालिकाले त्यसलाई स्वीकार गरेन। संघसंस्थाहरुले दिने बाचा गरेको एक करोड रकम हामीले प्रयोग गर्न पाएनौं। अब कोषको रकमले १० वटा मात्र घर बन्ने अवस्था भयो। पालिकाको दीर्घकालीन नीति बनाउन पनि सकिएन। पूर्वाधार, कृषि, सिंचाइ आदिका दीर्घकालीन योजनाका हामीले दिएका सुझावहरु नेतृत्वले नसुन्दा अपेक्षित काम गर्न सकिएन।

**तपाईँ वडाध्यक्ष भएपछि तपाईँले प्रतिनिधित्व गर्ने पार्टीप्रति जनताले कस्तो दृष्टिकोण राखेको पाउनुभयो ?**

म चुनावमा प्रतिष्पर्धा गर्दा वडामा जनताबाहेक आफ्नो नातागोता र आफन्त छैन भनेको थिएँ। जनताले विश्वास गरेर चार जना अरु पार्टीका सदस्यहरुले जितेपनि वडाध्यक्षमा मलाई जिताए। मैले जनताको त्यो जनविश्वासलाई इमान्दारिताका साथ पालना गर्ने प्रयत्न गरेको छु। जनताको दुःखसुखमा मेरो सहभागिता छ। व्यक्तिगत रुपमा मप्रति र संस्थागतरुपमा मेरो पार्टीप्रति जनतको विश्वास बढेको महशुस गरेको छु।

**वडाध्यक्षसँग जनताले विकासबाहेक गर्ने अन्य अपेक्षालाई कसरी पुरा गर्नुहुन्छ ?**

मुख्यतय : जनताका दैनिक प्रशासनिक सरोकारका विषयलाई नै हामीले समन्वय र सहयोग गर्नुपर्छ। सेवा प्रवाहलाई सहज बनाउनेतर्फ ध्यान दिएका छौं। जनताका अपेक्षा धेरै छैनन्। दुःखबिमार पर्दा अस्पतालमा गएर उपचारमा सहजीकरण गर्ने, औषधी खरिद गर्न नसक्नेलाई सहयोग गर्ने जस्ता काम गर्दै आएको छु। आफ्ना प्रतिनिधिले सम्झिउन् र सहजीकरण गरिदिउन् भन्ने चाहना जनताको छ। मैले पाउने पारिश्रमिक र सुविधाको रकमसमेत सामाजिक काममा खर्च गर्ने गरेको छु। निरक्षरहरुले सहज रुपमा सेवा पाउन् भनेर निवेदन लेखिदिने काममा समेत छुट्टै कर्मचारी राखेर सहयोग गरिएको छ।

**आगामी दिनमा नेकपा माओवादी केन्द्रबाट जनताले कस्तो अपेक्षा राखेको पाउनुभएको छ ?**

कटहरी झण्डै ८० प्रतिशत विपन्न, दलित र पिछडिएको वर्ग रहेको ठाउँ हो। मजदुर र किसानहरुको बाहुल्यता भएको निम्नवर्गीय समुदायको बसोबास छ। त्यस हिसाबले पनि कम्युनिष्ट जनाधार भएको क्षेत्र हो। हामीले त्यस जनाधारलाई शक्तिमा रुपान्तरण गर्न सकेका छैनौं। दलहरुले जनतालाई गलत ढंगले प्रयोग गर्ने र भोटमात्र लिने काम गरिरहेका छन्। वडामा २८ वर्षमा अरुले नगरेको विकासको काम सुरुवात गरेका छौं र जनतालाई विकासको सपनाप्रति विश्वस्त बनाउने प्रयत्न गरेका छौं। अहिले मुलुक संघीयतामा गएकै कारण गाउँमा विकास पुगेको छ र त्यो माओवादीकै कारण संभव भएको कुरा जनताले राम्ररी बुझेका छन्। त्यसैले पनि जनताले माओवादीसँगै आशा र भरोसा गरेको देख्छु।

**निर्वाचित भएपछि गर्न नसकिएको काम के हो ?**

दीर्घकालीन विकासका लागि बनाउनुपर्ने योजना यस अवधिमा बनेनन्। हामीले भूउपयोग नीति तयार गरेका छौं। तर, यसबारेमा नेतृत्व बेखरभैं छ। कृषि र उद्योगको राम्रो सम्भावना भएको कटहरीको २६ प्रतिशत जमिन बाँझो रहने गरेको छ। जमिन बाँझो नराख्न सिंचाइ, बिजुली लगायतका पूर्वाधारको योजना बनेनन्। अहिले जनताले यी विषयमा प्रश्न सोधिरहेका छन् तर, नेतृत्व अनुत्तरित छ। उद्योग क्षेत्र भएकोले त्यहाँका उद्योगमा चाहिने जनशक्ति उत्पादन गर्ने र रोजगारी सिर्जना गर्नेतर्फ पनि काम भएन भन्ने जनताको गुनासो छ। यी सबै विषयलाई जनताले राम्ररी नियालिरहेका छन्। उनीहरुले माओवादीले जितेको वाडको काम र शैलीलाई पनि हेरिरहेका छन्। यी सबै विषयमा माओवादी पार्टीले निरन्तर पहल गरिरहेको छ भन्ने जानकारी जनतालाई छ।

**शिक्षा क्षेत्रमा लगानी गरेपनि त्यति उपयोगी नभएको भन्नुभयो, गाउँपालिकाले गरेको कुन लगानी उपयोगी नभएको हो ?**

कटहरी गाउँपालिकाले शिक्षामा हरेक वर्ष ठूलो रकम विनियोजन गरेर लगानी गर्ने गरिएको छ। तर, अपेक्षा गरेअनुसार प्रतिफल पाइएको छैन। लगानी ठिक ठाउँमा भएन भने प्रगति पाइदैन। हामीले पूर्वाधार, र विद्यार्थीको वृत्ति विकासमा लगानी गर्नुपर्छ। तर, गाउँपालिकाले टाई, बेल्ट, र जुत्ता हरेक वर्ष बाँडेर बजेट खर्च गर्छ। यस कार्यक्रमप्रति जनतालेनै प्रश्न उठाइरहेका छन्। यी सबै कारणले जनताहरुले अब पालिकाकै नेतृत्वको विकल्प खोजिरहेका छन्। संघीयता आएपनि पहिलेको स्थानीय निकाय भन्दा फरक ढंगले चलेन भन्ने गुनासो सम्बोधन गर्न पनि अब संघीयताको वकालत गर्ने माओवादी पार्टीले नेतृत्व लिनुपर्छ भन्ने सुझाव जनताको छ।

**अबको ८–९ महिनामा स्थानीय तहको नयाँ निर्वाचन हुने सम्भावना छ। आगामी दिनका लागि तपाईँको तयारी के छ ?**

कटहरीको नयाँबजार हुँदै आदर्श टोलको आदर्श विद्या मन्दिरसम्म आइपुग्दा करिव २२ वर्ष पूर्णकालीन शिक्षकको रुपमा बिताइयो। संघीयताको कार्यान्वयनपछि तीन तहको सरकार बन्ने तयारीसँगै संघीयताको मर्म अनुरुप सरकार सञ्चालन गर्न शिक्षित समुदाय बाहेक अर्को विकल्प छैन। त्यसै सिलसिलामा अबको बाँकी जीवन आमजनताकै बिचमा रहेर जनताका समस्याहरु, गाउँपालिकाको विकासका सम्भावनाहरु, रोजगारी सिर्जना, गरिबी निवारण लगायतका जनअपेक्षित विषयहरुमा केन्द्रीत रहने सोचाइ बनाएर समाजमा सेवामा समर्पित भएको छु। आम शोषितपीडित जनताको मुक्ति र कटहरीको समृद्धि मात्रैलाई लक्ष्य बनाएको छु।

स्वभाविक रुपमा यी सबैको मुक्ति गर्ने पार्टी माओवादी भएको हुनाले त्यस पार्टीको इमान्दार कार्यकर्ताको रुपमा मेरो भूमिका हुनेछ। पार्टीको एउटा सिपाही भएकोले पार्टीले दिएको जिम्मेवारीलाई स्वीकारगर्दै रचनात्मक ढंगबाट अगाडि बढ्नुपर्छ। मलाई लाग्छ जनताको अपेक्षा अनुसार पार्टीले आगामी दिनमा उचित जिम्मेवारी दिनेछ।

# पथरीमा मुक्ति समाज गठन



◆ हाम्रोमत संवाददाता

*पथरी, ११ असोज*

मोरङको पथरी शनिश्चरेमा नेपाल उत्पीडित जातीय मुक्ति समाज मोरङले १० वटै वडाको प्रतिनिधित्व हुनेगरी ५१ सदस्यीय नगर सम्मेलन आयोजक कमिटी गठन गरेको छ।

मुक्ति समाज प्रदेश १ का इन्चार्ज खेम नेपालीको प्रमुख आतिथ्यतामा पथरीमा सम्पन्न भेलाले भीमबहादुर रसाईलीको अध्यक्षतामा ५१ सदस्यीय नगर सम्मेलन आयोजक कमिटी गठन गरेको हो।

भेलाले उपाध्यक्षमा फुलमाया दर्जी, सचिवमा केशिका महत (दर्जी), सह-सचिवमा अनिता गदाल बि.क. र कोषाध्यक्षमा जगत नेपालीलाई चयन गरेको छ।

त्यस्तै उक्त भेलाले सदस्यहरुमा गीता पाँचकोटी, श्याम रसाइली, कमला विश्वकर्मा, इन्दीरा सुन्दास, काजिमान खाती, भक्त दर्जी, सीता भूषाल, सरला बिक, गंगा बिक, सरिता शिवा, उर्मीला बिक, नरेन्द्र नेपाली, कुमारी बराइली, फुलमाया गहतराज, विमला दर्जी, लोकबहादुर दर्जी, अञ्जना दर्जीलगायत छन्।

## पहिलो पृष्ठबाट बाँकी

### दर्ताबिनाका...

'फार्मेसी यतिसम्म लापरवाहीपूर्ण तरिकाले चलाएको भेटिएको छ,' उनले भने, 'बराहक्षेत्रमा सञ्चालन गरेको फार्मेसीको साइडमा घरेलु मदिराको भट्टी पनि भेटियो। यो हैदसम्मको लापरवाही हो।' दर्ताविना सञ्चालन भएका फार्मेसी शिलबन्दी गरी एक हप्ताभित्रमा विभागमा उपस्थित हुन निर्देशन पनि दिएको कट्टेलले बताए।

### लाइसेन्स...

औषधि व्यवस्था विभाग विराटनगरको कार्यक्षेत्र प्रदेश १ को १४ जिल्ला र प्रदेश २ को सिरहा र सप्तरी पनि पर्दछ। पछिल्लो समय फर्मासिस्टहरुले भाडामा लाइसेन्स लगाउने र अन्यन्त्र काम गर्ने गरेको जनगुनासो आउन थालेपछि अहिले त्यस्ता फर्मासिस्ट खोजी गर्ने र कारवाहीको प्रक्रिया अगाडि बढाउने अभियान सुरू गरेको निमित्त प्रमुख कट्टेलले जानकारी दिए।

अहिले अस्पताल फार्मेसी, औषधि उद्योग, तथा फर्मासिस्ट कार्यरत क्षेत्र, फार्मेसी अध्यापन गराउने कलेजहरु सबैबाट विभागले फर्मासिस्टको विवरण संकलन गरेर अनलाइन डिएएमएसबाट काउन्सिल नम्बरसहित रुजु गर्ने गरेको छ। त्यसक्रममा लाइसेन्स भाडामा लगाएको पाइएमा कार्वाही प्रक्रिया अगाडि बढाउने उनले बताए।

'लाइसेन्स भाडामा लाएर सम्बन्धित स्थानमा काम नगरेको भेटिएका सबै फर्मासिस्टहरुलाई कालो सूचीमा राखी विभिन्न माध्यमबाट सूचना पनि प्रकाशित गर्ने तयारी थालेका छौं,' उनले भने, 'समग्र फार्मेसी पेशामा देखा परेको विकृति रोक्नको लागि यो अभियान सुरू गरिएको हो।' पेशाको मर्यादा कायम गरी स्वच्छ वातावरणमा गुणस्तरीय औषधि विक्री वितरणको लागि विभागले नियमन सुरू गरेको उनले बताए।

### विद्युत्...

अत्याधिक गर्मी बढीरहेको समयमा सिलिङ फेन पनि चल्दैन। केहीले घरमा राखेका फ्रिज पनि राम्रोसँग चल्दैन, वत्ती पनि पिलिकपिलिक मात्रै गर्छ। काठमिल पनि चलेका छैनन्। कुटानी पिसानी मिल नचल्दा ढिकीमा धान कुट्नुपर्ने अवस्था छ।

'बिजुली धेर भएर विक्री गर्न नपाएको समाचार आउँछ, तर हामीले राम्रोसँग बिजुली उपभोग गर्न पाएका छैनौं,' फुयालले भने, 'विजुलीमा पहिलेकै जस्तो अवस्था सिर्जना भएको हो कि जस्तो भएको छ।' विद्युत् प्राधिकणले भने लो भोल्टेजको समस्या पुरानो संरचनाको कारण सिर्जना भएको बताउने गरेको छ। सो क्षेत्रमा विद्युत् वितरण गर्दै आएको वितरण केन्द्र रंगेलीलाई लो भोल्टेजबारे जानकारी गराउँदा समस्या आफूहरुको नभइ विद्यूत् प्राधिकरण दुहबी शाखाको भएको बताउने गरेको डेरीका संचालक खनाल बताउँछन्।

'हामीले समस्याबारे जानकारी गराएका छौं, विद्युत् प्राधिकरण रंगेलीले समस्या दुहबीमा हो भन्छ,' खनालले भने, 'समस्या समाधानमा कसैले चासो दिएको देखिएन।' कानेपोखरी गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर २ का वडाध्यक्ष सुशील बुढाथोकीले विद्युत् भोल्टेजको समस्या आएको बताए। 'समस्या भएको छ, किसान तथा दूध संकलन केन्द्रबाट गुनासो पनि आएको छ, हामीले विद्युत् प्राधिकरणलाई जानकारी दिन्छौं,' बुढाथोकीले भने।

### प्रेम...

पीडित परिवारले घटनापछि पुष्पाको हत्या भएको र हत्यामा संलग्नता हुन सक्ने भन्दै पक्राउ गरी अनुसन्धान गर्न भनी ती युवकमाथि नै किटानी जाहेरी दिएका थिए। प्रहरी नियन्त्रणमा रहेका कार्कीले पनि हत्याको अभियोग स्वीकारेको प्रहरीले जनाएको छ।

हत्या आरोपी कार्की र पुष्पाबीच प्रेम सम्बन्ध रहेको र विवाहको प्रसंग उठाउँदा अस्वीकार गरेपछि विवाद हुँदा हत्या गरेको कार्कीले बताएका छन्। लामो समयदेखि नै आफूलाई गालीगलौज गर्ने तथा अनावश्यक तनाव दिने गरेका कारण योजनामै हत्या गरेको उनले स्वीकारेका छन्। हत्या आरोपी सार्वजनिक गरेपछि आफन्तले शव बुझेका छन्। जिल्ला अस्पतालमा शव पोस्टमार्टम गरी परिवारलाई बुझाएको प्रहरी नायव उपरीक्षक बालनरसिंह राणाले जानकारी दिए। किशोरी डेरा बसेर सदरमुकाम फुङ्लिङकै भानुजन माध्यमिक विद्यालयमा कक्षा ११ मा पढ्दै थिइन्।




**क्यान्टिन स्मार्टकार्ड हरायो**

मिति २०७८/०५/१० गते बिहीबार विराटनगरबाट सिलिगुटी जाँदा मेरो निम्न व्यहोराको क्यान्टिन स्मार्टकार्ड हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु।

**नाम : उमेश बहादुर भण्डारी**
ठेगाना : विराटनगर-३, मोरङ
क्यान्टिन कार्ड नं.: LA01110547263700Y00
मोबाइल नम्बर : ९८६२०२३९२०













